आज मिति २०७६।०९।२१ गतेका दिन बाणगङ्गा नगरकार्यपालिकाको बैठक बाणङ्गा नगरपालिकाका नगर प्रमुख श्री मंगल प्रसाद थारुज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको उपस्थितिमा तपशिल बमोजिमको निर्णय गरियो ।

| क्र.सं. | नामथर | पद | वडा नं. | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १. | मंगल प्रसाद थारु | नगर प्रमुख | | ९८५७०५४०२० | |
| २. | चक्रपाणी अर्याल | उप नगर प्रमुख | | ९८५७०५४०३२ | |
| ३. | बाल कुमारी पन्त | वडाध्यक्ष | १ | ९८५७०५४०२१ | |
| ४. | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | २ | ९८५७०५४०२२ | |
| ५. | सन्तराम रौतार थारु | वडाध्यक्ष | ३ | ९८५७०५४०२३ | |
| ६. | गणेश बहादुर क्षेत्री | वडाध्यक्ष | ४ | ९८५७०५४०२४ | |
| ७. | भिष्मराज भुसाल | वडाध्यक्ष | ५ | ९८५७०५४०२५ | |
| ८. | सुकदेव थारु | वडाध्यक्ष | ६ | ९८५७०५४०२६ | |
| ९. | विष्णू गिरी | वडाध्यक्ष | ७ | ९८५७०५४०२७ | |
| १०. | गुणानीधि भुसाल | वडाध्यक्ष | ८ | ९८५७०५४०२८ | |
| ११. | धुव्र बेल्बासे | वडाध्यक्ष | ९ | ९८५७०५४०२९ | |
| १२. | राम बिहारी चौधरी | वडाध्यक्ष | १० | ९८५७०५४०३० | |
| १३. | सोमनाथ अर्याल | वडाध्यक्ष | ११ | ९८५७०५४०३१ | |
| १४. | टिका कूमारी अधिकारी | सदस्य | | ९८४७११०६९८ | |
| १५. | सरिता देवी ढकाल | सदस्य | | ९८४७१९२२९९ | |
| १६. | योगनाथ सुनार | सदस्य | | ९८४७१३४०२२ | |
| १७. | कृष्ण बहादुर वि.क. | सदस्य | | ९८२१९८११५७ | |
| १८. | गिता भुसाल | सदस्य | | ९८४७१८९०६७ | |
| १९. | केशरा गुरुङ | सदस्य | | ९८१८१११२१४ | |
| २०. | सावित्रा थारु | सदस्य | | ९८०६११७४९६ | |
| २१. | पूर्णकला सुनार | सदस्य | | ९८४७४५०९०९ | |
| २२. | कृष्णप्रसाद सापकोटा | सदस्य सचिव | | ९८५७०८७१११ | |
| २३. | | | | | |
| २४. | | | | | |
| २५. | | | | | |

Scanned by CamScanner

बाणगंगा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

५ नं. प्रदेश, कपिलवस्तु नेपाल

मितिः २०७६।०९।२१

**कार्यपालिका बैठकका प्रस्तावहरु-**

१. संघीय सरकारको आर्थिक बर्ष ०७७।७८ का समपुरक तथा विशेष अनुदानका योजना सम्बन्धमा।

२. बाणगंगा नदी र कोईली नदीको आन्तरिक आयको ठेक्का सम्बन्धमा।

३. प्रदेश सरकारका चालु आर्थिक वर्षको विशेष अनुदानका योजना सम्बन्धमा।

४. खेलाडी तथा सगरमाथा आरोहीहरुलाई सम्मान गर्ने सम्बन्धमा।

५. विद्युत चुहावट मुक्त नगरपालिका घोषणा सम्बन्धमा।

६. कृषि पूर्वाधार विकास तथा यान्त्रिकरण प्रवर्धन कार्यक्रम अन्तर्गत कृषि उपज बजार संकलन केन्द्र निर्माण सम्बन्धमा। ( कोपवा, बैरिया )

७. किसान ' टु ' परियोजना कपिलवस्तु र वाणगंगा नगरपालिकाको साझेदारीमा कृषि प्रसार सम्बन्धी भिडियो डकुमेन्ट्री निर्माण तथा प्रसारण सम्बन्धमा।

८. वास योजनाको लागि लागत अनुमान स्वीकृति, बजेट स्रोत र MWASHCC गठन सम्बन्धमा।

९. कार्यालय परिसरमा बैंक काउन्टर स्थापना सम्बन्धमा।

१०. नगरसभाको मिति तय सम्बन्धमा।

११. पोषणमैत्री स्वास्थ्य संस्था सम्बन्धमा।

१२. विविध

**निर्णयहरु**

**निर्णय नं. १.**

आ.व.२०७६/०७७ का लागि संघीय सरकारको समपूरक बजेटवाट माग गरिएका योजनाहरु छुट हुन गएकोले उक्त योजना स्विकृतीका लागि पठाईएका योजनाहरुलाई सम्बोधन हुने गरि आवश्यक प्रमाणहरु तयार पारि नगरपालिकाको तर्फवाट एक प्रतिनिधी मण्डल राष्ट्रिय योजना आयोगमा तत्काल जाने निर्णय गरियो।

**निर्णय नं. २.**

यस कार्यालयको मिति २०७६।०९।०६ को निर्णयानुसार ठेक्का नं : 12/076-77 Excavation and Extraction of Natural river bed materials Sand Gravel and Boulder (Banganga Khola) को सबैभन्दा बढी कबोल गर्ने बोलपत्रदाता श्री एन.बि. कन्सट्रक्सन बुटबल उपमहानगरपालिका –११, रुपन्देहीको कबोल अंक रु. ४,५७,११,१११।०० (अक्षरुपी चार करोड सन्ताउन्न लाख एघार हजार एक सय एघार रुपैया मात्र मूल्य अभिवृद्धि कर बाहेक) को बोलपत्र स्वीकृत गरि सम्झौता गर्न आउनको लागि मिति २०७६/०९/०६ मा पत्राचार गरिएकोमा निज ठेकेदारबाट मिति २०७६/०९/०७ मा सम्झौता गर्न नसक्ने भनी निवेदन प्राप्त हुन आएको हुँदा प्रदेश न. ५ प्रदेश सरकारबाट स्वीकृत नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधी २०७५ को नियम ९(१) बमोजिम बोलपत्र स्वीकृत भए पश्चात कबोल रकम र सो मा लाग्ने कर दाखिला गरि सम्झौताको लागि सूचना गर्नुपर्ने र तोकिएको म्याद भित्र रकम दाखिला नगरेमा निजका नामको धरौटी रकम जफत गरि दोस्रो कबोलदातालाई रकम सहित सम्झौताका लागि आव्हान गर्नुपर्ने छ भनि उल्लेख भएको र निजले सम्झौता गर्न नसक्ने भनि निवेदन पेश गरि सकेको हुदा ठेक्का सम्झौता हुन नसक्ने अवस्था देखिएकोले निजले कबोल गरेको भ्याट बाहेकको रकम रु. ४,५७,११,१११।०० ( चार करोड सन्तावन्न लाख एघार हजार एक सय एघार रुपैया) को ५ (पांच) प्रतिशतले हुने आउने धरौटी रकम रु. २२,८५,५५६।– (बाईस लाख पाचासी हजार पांच सय छयपन्न मात्र) जफत गरि संचित कोष खातामा जम्मा गर्ने र निज पछिको दोस्रो बढी कबोल गर्ने

Scanned by CamScanner

बोलपत्रदाता श्री ॐ सत्यसाई कन्सट्रक्सन बाणगंगा नगरपालिका – ५, कोपवा कपिलवस्तुको कबोल अंक रु. ३,५३,३३,३३३।– (अक्षरेपी तीन करोड त्रिपन्न लाख तेत्तिस हजार तीन सय तेत्तिस मात्र भ्याट बाहेक) को बोलपत्र स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ३.**

प्रदेश सरकारबाट प्राप्त हुन आएको रु.७० लाखको बजेटलाई श्रृङ्गीघाट कुलो बाँधका लागि रु.५० लाख र कामता मा.वि.करेलिया वडा नं.१० लाई खानेपानी सहितको शौचालयको व्यवस्थापनका लागि रु.२० लाख प्रदान गर्ने निणर्य गरियो।

**निर्णय नं. ४.**

अन्तराष्ट्रिय स्तरमा नगरवाट खेलखेल्न गई गोल्ड मेडल प्राप्त गरेका र सगरमाथा आरोहिहरुका लागि आगामी छैठौं नगर सभामा सम्मान गर्ने निणर्य गरियो।

**निर्णय नं. ५.**

नगरलाई विद्युत चुहावट मुक्त घोषण गर्ने सम्वन्धमा २, ७ र ११ नं. वडाले चुहावट मुक्त घोषण गरि सकेका र अन्य वडाले पनि अविलम्ब घोषणा गरि नगरमा विद्युतको सर्वसुलभताका लागि पहल गर्ने निणर्य गरियो।

**निर्णय नं. ६.**

किसानहरुबाट उत्पादित कृर्षिजन्य वस्तुहरुको संकलन, बिक्रिवितरण कार्यका लागि वडा नं. ५ को कोपवा र वडा नं.१ को बैरियालाई छनोट भएकोमा उक्त संकलन केन्द्रको निर्माणका लागि उपभोक्त समिति मार्फत गर्ने र उक्त कार्य सम्पन्न गर्नका लागि बैरियाको हकमा भने कुल बजेटको १५ प्रतिशत रकम उपभोक्ता मार्फत व्यहोर्नु पर्ने छ। त्यसको सम्पूर्ण कामको गुणस्तरियता र मापदण्डका बारेमा नगरबाट अनुमगन गर्ने निर्णय गरियो।

**निर्णय नं.७.**

किसान २ परियोजना कपिलवस्तु र बाणगंगा नगरपालिकाको साझेदारीमा कृषि प्रसार सम्बन्धी भिडियो डकुमेन्ट्री कार्यक्रमहरु निर्माण तथा प्रसारण गर्ने निर्णय गरियो।

**निर्णय नं. ८.**

भौतिक पूर्वाधार विकास मन्त्रालयले जारी गरेको खानेपानी, सरसफाई तथा स्वच्छता (वास) कार्यविधि २०७६ अनुसार कार्विधिको नियम ५ अनुसार निम्नानुसारको नगरस्तरीय खानेपानी तथा सरसफाई स्वच्छता समिति निम्नानुसार गठन गर्ने निर्णय गरियो।

| | | |
|---|---|---|
| मंगल प्रसाद थारु | नगर प्रमुख | अध्यक्ष |
| चक्रपाणी अर्याल | नगर उपप्रमुख | सदस्य |
| बाल कुमारी पन्त | वडा नं. १ अध्यक्ष | सदस्य |
| बिष्णुप्रसाद पौडेल | वडा नं. २ अध्यक्ष | सदस्य |
| सन्तराम रौतार | वडा नं. ३ अध्यक्ष | सदस्य |
| गणेश क्षेत्री | वडा नं. ४ अध्यक्ष | सदस्य |
| भिष्म भुसाल | वडा नं. ५ अध्यक्ष | सदस्य |
| सुकदेव थारू | वडा नं. ६ अध्यक्ष | सदस्य |
| बिष्णु गिरी | वडा नं. ७ अध्यक्ष | सदस्य |
| गुणानिधी भूसाल | वडा नं. ८ अध्यक्ष | सदस्य |
| ध्रुवकुमार बेल्वासे | वडा नं. ९ अध्यक्ष | सदस्य |
| रामविहारी चौधरी | वडा नं. १० अध्यक्ष | सदस्य |
| सोमनाथ अर्याल | वडा नं. ११ अध्यक्ष | सदस्य |
| राजेन्द्र शाह | भू.पू.सैनिक खा.पा.आ. अध्यक्ष | सदस्य |

Scanned by CamScanner

| | |
|---|---|
| प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य |
| भवन तथा शहरी बिकास शा.प्रमुख | सदस्य |
| सूचना प्रविधि अधिकृत | सदस्य |
| वास सम्पर्क व्यक्ति | सदस्य सचिव |

यस बाणगंगा नगरपालिकाको वास योजना निर्माण गर्नको लागि यस आ.व.मा नगरपालिकामा कुनै बजेट बिनियोजन नगरिएको तर यसै आर्थिक बर्षभित्र निर्माण गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयसंग Memorandum of Understand प्रारम्भिक सम्झौता पत्रमा हस्ताक्षर गरि प्रतिवद्दता समेत गरिएको ले उक्त योजना निर्माणको लागि रु.१२,९९,०००।– (अक्षेरुपीः बाह्लाख उनान्सय हजार) आगामी छैठौं नगरसभाबाट बजेट रकमान्तर गर्ने र उक्त वास योजना कार्यान्वियन प्रकृयामा जानका लागि नगरमा तपसिलका व्यक्तिहरु रहेको एक नगरपालिका स्तरीय वास कार्यदल गठन गरि अगाडि बढ्ने निर्णय गरियो ।

**वास कार्यदल :**

| | | |
|---|---|---|
| संयोजक : | ध्रुव बेल्वासे, | वडा अध्यक्ष, वडा नं. ९ |
| सदस्य : | भीष्मराज भुसाल, | वडा अध्यक्ष, वडा नं.५ |
| सदस्य : | गिता भुसाल | कार्यपालिका सदस्य |
| सदस्य : | सम्राट रेग्मी | आई. टि. अफिसर |
| सदस्य सचिव : | केशवराज भट्टराई | शाखा अधिकृत |

**निर्णय नं. ९.**

बाणगंगा नगरपालिकाको छैठौं नगर सभा आगामी मिति २०७६।१०।२४गते यसै कार्यालयको सभाहलमा सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०.**

यस नगरको वडा नं. ७ र ८ लाई पोषणमैत्री वडा र पोषणमैत्री स्वास्थ्य संस्था बनाउने कार्यक्रम गर्न पहल गर्ने र अन्य बाँकी वडाहरुलाई पनि क्रमश यस प्रकारको वडा बनाउन अभियान शुरु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११.**

नगरमा बसोवास गर्ने समुदायहरुबाट दैनिक रुपमा उत्पादन हुने फोहोर जन्य वस्तुको व्यवस्थापनका लागि ल्याण्डपिल्ड साइडका सम्बन्धमा वडा स्तरवाट भएको प्रयासको रिपोटिङ्ग गर्ने कार्य भयो र त्यस सम्बन्धमा यथासक्य छिटो आ–आफ्नो वडागत रुपमा वडाले सोहि स्थानको छनोट गरि फोहोरलाई सहि स्थानमा व्यवस्था गर्ने गराउने निर्णय गरियो ।

**विविध निर्णयहरुः-.**

- साबिक हथौसा गा.वि.स.मा सहजकर्ताको रुपमा कार्यरत कर्मचारी हाल सम्म पनि वडामा कर्मचारी अभावका कारण कार्यरत रहि रहेकोले निजले कामकाज गरे बापतको पारिश्रमिक भुक्तान गर्न वडामा रकम नरहेको र नगरमा पनि त्यस्ता कर्मचारीहरु नभएको कारण भएको समस्याको समाधानका सम्बन्धमा निजले कामकाज गरेको समय अवधिको यहि २०७६ पौष मसान्त सम्मको लागि मात्र नगरबाट भुक्तान गर्ने निर्णय गरियो ।
- यस नगरपालिकाको चालु आ.ब. ०७६।७७ को स्वीकृत बार्षिक कार्यक्रममा पूँजीगत शिर्षक अन्तर्गत भवनमा लिफ्ट तथा अन्य निर्माण शीर्षक ४५,००,०००।- मध्येबाट सबारी साधन शिर्षकमा रु.१,००,०००।– अक्षेरुपी रु.एक लाख मात्र रकमान्तर गर्ने निर्णय गरियो ।

Scanned by CamScanner